22 January, 2026

आकाशवाणी

प्रमुख समाचारहरु :

1) झारखण्डमा सुरक्षा बल द्वारा नक्सल विरोधी अभियानमा १५ माओवादी मारिए

2) जम्मू कश्मीरको डोडा जिल्लामा आज भएको सडक दु र्घटनामा दश सैनिकको मृत्यु

३) प्रधानमंत्री नरेंद्र मोदी भोलि केरलको तिरुवनंतपुरम भ्रमण जानुहुँदै

4) दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले शालीमार बाग विधानसभा क्षेत्रमा धेरै परियोजनाहरूको शिलान्यास गरेकछन्

अब समाचार विस्तारमा

झारखण्डमा सुरक्षा बल द्वारा नक्सल विरोधी अभियानमा १५ माओवादी मारिए

झारखण्डमा, आज पश्चिम सिंहभूम जिल्लाको सारंडा जंगलमा सीपीआई (माओवादी) विद्रोहीहरूसँगको भिडन्तपछि गरिएको नक्सल विरोधी अभियानमा सुरक्षा बल द्वारा १५ माओवादी मारिएका छन्। मारिनेहरूमा १ करोड रुपैयाँको इनाम भएको खतरनाक नेता पतिराम माझी उर्फ अनल र २ लाख रुपैयाँको इनाम भएको राजेश मुन्डा र बुलबुल पनि छन्। चाइबासाका प्रहरी अधीक्षक अमित रेणुले अनुसार भिडन्त जरैकेला प्रहरी चौकी क्षेत्रमा भएको थियो। घटनास्थलबाट हतियार र अन्य सामग्रीहरू बरामद गरिएको छ भने जंगली क्षेत्रमा खोजी कार्य अझ जारी छ।

## जम्मू कश्मीरको डोडा जिल्लामा आज भएको सडक दुर्घटनामा दश सैनिकको मृत्यु

जम्मू कश्मीरको डोडा जिल्लामा आज भएको सडक दुर्घटनामा दश सैनिकको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन्। भादरवाह-चम्बा अन्तरराज्यीय सडकको नौ हजार फिट अग्लो खन्नी डाडाको सडकबाट सेनाको ट्रक चिप्लिएर गहिरो खोंच मा खसेको छ। सेना र प्रहरीद्वारा तुरुन्तै संयुक्त उद्धार अभियान सुरु गरिएको थियो। यस घटनामा चार सैनिक घटनास्थलमै मृत फेला परेका थिए र छ: सैनिक गम्भीर घाइते भएको कारण बादमा मृत्यु भएको छ। घाइते सैनिकमध्ये एक जना भादरवाह उप-जिल्ला अस्पतालमा उपचाराधिन छन् भने १० सैनिकलाई विशेष उपचारको लागि हेलिकप्टरबाट उधमपुर कमाण्ड अस्पतालमा लगिएको छ एक सैनिक भादरवाह उप-जिल्ला अस्पतालमा भर्ना छन्।

रक्षामन्त्री राजनाथ सिंहले जम्मू कश्मीरको डोडा जिल्लामा भएको दुखद सडक दुर्घटनामा भारतीय सेनाका १० जना सैनिकको ज्यान गएकोमा दुःख व्यक्त गर्नुभएको छ। घाइते सैनिकहरूको उत्तम प्रकारको उपचार सुनिश्चित गर्न आवश्यक सबै निर्देशनहरू दिइएको बताउनुभएको छ

गृह मन्त्रि अमित शाह, जम्मु कश्मिरका उपराज्यपाल मनोज सिन्हा, मुख्यमन्त्री उमर अब्दुल्लाले दुर्घटनाप्रति गहिरो शोक व्यक्त गर्नुभएको छ। ज्यान गुमाउने सैनिकहरूका परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।पनि यस घटना प्रति शोक व्यक्त गर्नुभएको

## प्रधानमंत्री नरेंद्र मोदी भोलि केरलको भ्रमणमा

प्रधानमंत्री नरेंद्र मोदी भोलि केरलको तिरुवनंतपुरम भ्रमणमा जाँदै हुनुहुन्छ , जहाँ विभिन्न विकास परियोजनाहरूको शिलान्यास, उद्घाटन र लोकार्पण गर्नुहुनेछ । यी परियोजनाहरू रेल संपर्क, शहरी

आजीविका, विज्ञान र नवाचार, नागरिक-केंद्रित सेवाहरू तथा उन्नत स्वास्थ्य सेवाहरू जस्ता प्रमुख क्षेत्रहरूसँग सम्बन्धित छन्। यस अवसरमा श्री मोदीले जनसभालाइ पनि सम्बोधन गर्नु हुनेछ ।

दिल्लीकी मुख्यमन्त्री रेखा

दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले शालीमार बाग विधानसभा क्षेत्रमा धेरै परियोजनाहरूको शिलान्यास गरेकछन्। यी परियोजनाहरूमा ड्राइ मुनक नहरको पुनरुद्धार र छठ घाटको विकास, सर्विस रोड निर्माण तथा सिंगलपुर पुलको चौड़ीकरण र सौंदर्यीकरण कार्य शामिल छन्।

श्रीमती गुप्ताले सामाजिक संजालमा भन्नुभयो , "यी कार्यले शालीमार बाग, पीतमपुरा, केशवपुरम, नेताजी सुभाष प्लेस, पंजाबी बाग र कोहाट एन्क्लेव वरपर बासिन्दालाल सीधा फाइदा पुग्नेछ।" क्षेत्रलाई सफा, सुन्दर र उपयोगी सार्वजनिक स्थल बनाएर यातायात व्यवस्था पनि सुधार्नेछ।

यस वर्ष गणतन्त्र दिवसको परेडमा भारतीय वायु सेनाले नेतृत्व गर्ने

भारतीय वायु सेनाले यस वर्ष गणतन्त्र दिवस परेडमा रक्षा बलहरूको नेतृत्व गर्नेछ, भनि आज एक संक्षिप्त प्रेस वार्तामा बताइएको छ , वायु सेनाका स्क्वाड्रन लीडर हेमन्त सिंह कन्यार श्रद्धांजलि समारोहको नेतृत्व गर्नेछन्। मार्चिंग दलमा 4 अधिकारीसहित 144 वायु सैनिक रहनेछन्। 75 सदस्यीय वायु सेना बैंडको प्रस्तुति पनि हुनेछ, जसमा 66 अग्निवीर रहनेछन्।

वायु सेनाका 121 संगीतकार 29 जनवरीमा बीटिंग रिट्रीट समारोहमा भाग लिनेछन्। झाँकिमा 'संग्राम से राष्ट्रनिर्माण तक' प्रदर्शित गरिनेछ, जसले राष्ट्र निर्माण र देशको रक्षा गर्न सुरक्षा बलहरूको निस्वार्थ सेवाको देखाउनेछ। फ्लाईपास्टमा 7 लडाकु विमानको प्रदर्शन हुनेछ।

छत्तीसगढ़- इस्पात संयंत्रमा विस्फोट

छत्तीसगढ़को बलोदाबाजार-भाटापारा जिलामा बकुलाही गाउँमा रहेको एक इस्पात संयंत्रमा आज भएको विस्फोटमा 6 जना श्रमिकको मृत्यु भएको छ भने 5 जना घाइते भएका छन्। जिलाधिकारी दीपक सोनीले बताए अनुसार यस  इस्पात संयन्त्र मा धुलो निस्तारन गर्ने चेम्बरमा विस्फोट हुँदा तातो धुलो श्रमिकहरुमा खसेर उनीहरु गंभीर रुपमा जलेका थिए।

घाइते भएका 5 जना श्रमिकलाई बिलासपुर स्थित छत्तीसगढ़ आयुर्वेद संस्थानमा भर्ती गरिएको छ। राज्यका स्वास्थ्यमन्त्री श्याम बिहारी जायसवालले घाइतेहरुलाई उत्तम उपचारको व्यवस्था गर्न निर्देशन दिएका छन् , साथै घटना बारे गहिरो  अनुसन्धान गरी दोषीलालाई कडा  कारबाही गर्न  निर्देशन दिएका छन्।

"अब मौसम सम्बन्धी समाचार

भारतीय मौसम विभाग ले भोलि जम्मू कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान र मुजफ्फराबादका केही ठाउँमा भारी वर्षा र मेघगर्जन हुने पूर्वानुमान गरेको छ। यसका साथै हिमाचल प्रदेश, जम्मू कश्मीर, लद्दाख, पञ्जाब र राजस्थानमा बिजुली चमकीने अनी तीव्र  हावासँगै मेघगर्जन हुने बताएको छ ।  आगामी दुई दिनमा गुजरात, तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि यस्तै अवस्था रहने बताएको छ। यस महिनाको २४ तारिकमा पश्चिम बंगाल का उप-हिमालय  क्षेत्र र सिक्किममा बाक्लो कुहिरो लाग्ने पूर्वानुमान गरेको भने आगामी २ दिनमा मध्य भारतका केही भागहरूमा न्यूनतम तापक्रम दुई देखि तीन डिग्री सेल्सियसले बढ्ने अनुमान गरिएको छ।

खेलकुदले व्यक्तिको चरित्र, नेतृत्व,  राष्ट्रिय प्रगतिलाई बल पुऱ्याउने मन्त्रि मंसुख मान्डिवया को भनाइ

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मण्डवीया ले भन्नुभएको छ खेलकुदले चरित्रलाई आकार दिने, नेतृत्वलाई बलियो बनाउने र राष्ट्रिय प्रगतिलाई बल पुऱ्याउदछ । आज मुम्बईमा युवा नेता मञ्चद्वारा आयोजित युवा क्षमता खेलकुद सम्मेलनलाई भर्चुअल रूपमा सम्बोधन गर्दै श्री मण्डवीयले अनुशासन र निष्ठाको जीवनप्रति प्रतिबद्ध युवा खेलाडीहरूले आत्मविश्वासी, लचिलो र विश्वको नेतृत्व गर्न तयार राष्ट्र निर्माण गर्न मद्दत गर्ने बताउनुभयो । प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा पहिलो पटक खेलकुदसँग सम्बन्धित गतिविधिहरूलाई राष्ट्रिय प्राथमिकताहरूको अग्रभागमा राखिएको बताउनुभएको छ ।

क्रिकेट –

महिला प्रिमियर लिग क्रिकेटमा, यु पी वरियर्स ले आज बडोदराको BCA स्टेडियम, कोटाम्बीमा लिग खेलमा गुजरात जायन्ट्ससँग प्रतिस्पर्धा गर्नेछ। खेल साँझ ७:३० बजे सुरु हुने तालिका छ। प्रतियोगिताको नवी मुम्बई चरण पूरा गरेपछि, सबै पाँच टोलीहरू प्रतियोगिताको दोस्रो हाफको लागि गुजरातमा स्थानान्तरण भएका छन्।